# कटारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर

कोशी प्रदेश, नेपाल

## <u>जडीवुटी कवाडी निकासी करको ठेक्का व्यवस्थापनका लागि भएको दरभाउपत्र आह्वानको सूचना ।</u>

<u>प्रथम पटक प्रकाशित मिति २०८३/०४/२९</u>

स्थानीय सरकार सञ्चालन ऐन २०७४, दफा ६१ बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्र आ.व. २०८३/०८४ का लागि जडीवुटी, कवाडी निकासी कर कटारी नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा ८ को अनुसूची-८ मा उल्लेखित दरव आधारमा कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएव प्रमाणपत्र, मुल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र कालो सूचीमा नपरेको स्वःघोषण पत्रको प्रतिलिपिहरु सहित रितपूर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।यो सूचना यस कार्यालयव <u>www.kataarimun.gov.np</u> मा पनि हेर्न सकिनेछ ।

**दरभाउपत्र सम्बन्धी शर्तहरु :**

- सूचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समयमा राजश्व शाखाबाट निशुल्क दरभाउपत्र उपलब गराईनेछ । उक्त दिन विदा भएमा सोको भोलि पल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समयमा दरभाउप दिन सकिनेछ ।
- सूचना प्रकाशन भएको मितिले ८ औं दिन दिनको १२:०० बजेसम्म राजश्व शाखामा दरभाउपत्र पेश गर्नु पर्ने । उक्त दिन विदा भएमा सोको भोलि पल्ट सो दिन पनि कार्यालय बन्द भए सो पछिको कार्यालय खुलेव पहिलो दिन सोही समयमा दरभाउपत्र फाराम पेश गर्नु पर्नेछ । दरभाउपत्रदाता वा प्रतिनिधिको उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
- खरिद भएको शिलबन्दी दरभाउपत्र फारम कवोल अंकको ५ प्रतिशत रकम राष्ट्रिय वाणिज्य बैंक कटारी शाखा रहेको यस कार्यालयको धरौती खाता नं. २०५०१००३०३००००२ मा दाखिला गरेको सक्कल भौचर व कम्तिमा १२० दिन म्याद भएको बैंक जमानी पत्र ( BID BOND ) संकलन गरी रीत पूर्वक सहि छाँप त शिलबन्दी गरी दरभाउपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिने छ । नगदलाई मान्यता दिई छैन ।
- जडीबुटी, कवाडी करको ठेक्का अवधि २०८४ असारमसान्त सम्म हुनेछ ।
- शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि कवोल अंकको ५० प्रतिशत रकम रा.वा. बैंक कटारी शाखाको आन्तरि राजश्व शाखा खाता नं. २०५०१००३०१०१०००२ मा जम्मा गरेपछि मात्र सम्झौता गरी नियमअनुसार चला पुर्जी दिईनेछ । साथै बाँकी ५० प्रतिशत मध्ये ३० प्रतिशतले हुन आउने दोश्रो किस्ता वापतको रकम २०८ साल पुष मसान्त भित्र तथा २० प्रतिशतले हुन आउने तेश्रो किस्ता वापतको रकम २०८३ साल चैत्र मसान भित्र दाखिला गरी सक्नु पर्नेछ ।साथै २०८३ असार मसान्तसम्म मान्य हुनेगरी बाँकी ५० प्रतिशत किस्त रकम बराबरको बैंक जमानी पत्र (BANK BID BOND) अनिवार्य पेश गरेपछि कार्यदिश दिईनेछ । व्यवसायी ठेक्का स्वीकृत भएपछि कवोल अंकको १३ प्रतिशत मुल्य अभिवृद्धि करको रकम आन्तरिक राजश्व कार्यालय दाखिला गरी सोको प्रमाण नगरपालिकामा पेश गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

❖ न्युनतम ठेक्का रकम तपशिल बमोजिम निर्धारण गरिएको छ ।

| सि. नं. | आय ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम कवोल अंक (कर बाहेक) | न्यूनतम कवोल अंक (कर सहित) |
|---|---|---|---|---|
| १. | Kmun/IR/SQ/14/2083/084 | जडीबुटी, कवाडी निकासी कर | १५,००,०००।- | १६,९५,०००।- |

❖ करका दरहरु कटारी नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा ८ को अनुसूची-८ मा उल्लेख भए बमोजिम हुनेछ ।

❖ अनुसूचीमा संलग्न गरिएको जडीवुटी तथा कवाडी मालसामान कटारी नगरपालिकाको सरहद भित्रबाट उत्पादन तथा सिर्जना भएको माल बस्तुमा मात्र कर लगाउन पाईन्छ । अन्य प्रदेश, जिल्ला तथा स्थानीय तहमा उत्पादन वा सिर्जना भएको मालवस्तुमा कर लगाएको पाईएमा वा सो खालको कुनै विवाद उठेमा सोको कानुनी जवाफदेहिता सम्बन्धित फर्म नै हुनेछ ।

❖ तोकिएको किस्ता म्याद भित्र नबुझाएमा ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट असुल उपर गरिनेछ । असुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

❖ दरभाउपत्र शिलबन्दी लाहाछाँप गरी लाहाछाँप संख्या खुलाई कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समयमा पेश गर्नुपर्नेछ ।

❖ नियमअनुसार कबोल गरेको ठेक्का रकममा लाग्ने मु.अ.कर, अग्रिम आयकर र न.पा. कर ठेकेदार स्वयमले बेहोर्नु पर्नेछ ।

❖ दरभाउपत्रमा ठेक्का रकम उल्लेख गर्दा अङ्कमा र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अङ्कमा र अक्षरमा फरक परेमा अङ्क र अक्षर मध्ये जुन बढी उल्लेख भएको छ सोहीलाई मान्यता दिईनेछ ।

❖ ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निहित हुनेछ ।

❖ ठेक्का अवधिमा बन्द, हड्ताल आदि भएमा त्यस वापत कुनै छुट मिनाहा दावी गर्न पाईने छैन । तर राष्ट्रिय संकटकाल प्लेग हैजा, महामारी जस्ता कारणले नेपाल सरकार, प्रदेश सरकार वा कटारी नगरपालिका आवतजावतमा वा सवारी सञ्चालनमा रोक लगाएमा विपद् व्यवस्थापन समितिको सिफारिसमा कर छुटका लागि सिफारिस गर्न सकिनेछ ।

❖ कटारी नगरपालिकालाई कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बुझाउनु पर्ने कर ठेक्का रकम आदिको बेरुजु कायम भएको हकमा दरभाउपत्र फारम खरिद गर्न पाउने छैन ।

❖ कुन कुन प्रकारको कवाडी र जडीवुटीजन्य कर कुन कुन व्यक्ति फर्म वा कम्पनीसँग कति रकम संकलन गरेको हो सोको विवरण प्रत्येक महिनाको ७ गतेभित्र कटारी नगरपालिकालाई अनिवार्य बुझाउनु पर्नेछ ।

❖ व्यवसायिक मर्यादा कायम गरेर मात्र कर संकलन गर्नुपर्नेछ ।

❖ यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत